नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
माघ/फागुन २०८१ (February 2025) वर्ष २८/अङ्क ३१४

## हामी कस्तो अगुवा छौं ?

– पाष्टर बर्णबास श्रेष्ठ

हामीहरूले मण्डलीको अगुवाहरूको धेरै कुरा गर्छौं । को अगुवा कस्तो अरूको अगुवा यस्तो । यस्तो अगुवा भए त कति राम्रो हुन्थ्यो, इत्यादि । सबै अगुवामा सबै गुण नहुन सक्छ । कोही कुनै कुरामा राम्रो त कुनै क्षेत्रमा कमजोर । तर सबै अगुवाहरूमा राम्रा र असल गुण भएका अगुवा सबैको चाहना हो ।

बाइबलमा यस्तो एकजना अगुवा हामी पाउँछौं र हामीले उहाँबाट सिकेर मण्डलीलाई अगुवाइ गर्न सक्यौं भने अगुवा आफैलाई र मण्डलीलाई परमेश्वरको इच्छाअनुसार डोऱ्याउन सहयोग पुग्छ । तिनै अगुवाको नाम हो यहोशू ।

यहोशूको नाम सबैभन्दा पहिला प्रस्थान १७ को ९ पदमा पाउँछौं । अमालेकीहरू आएर रपिदिममा इस्राएलीहरूलाई आक्रमण गर्दछन् र मोशाले यहोशूलाई अमालेकीहरूको सामना गर्न पठाएको पढ्दछौं ।

यहोशू को हुन् त ? यहोशूको पहिलाको नाम होसिया थियो । मोशाले उनलाई यहोशू नाम दिएका थिए । उनी मिश्र देशमा जन्मिएका इफ्राएम कुलको नूनको छोरा थिए । पहिला उजाड-स्थानमा मोशाको अधीनमा सेवक भएर इस्राएलीहरूलाई डोऱ्याउने र पछि प्रतिज्ञाको मुलुक, कनान देशमा इस्राएलीहरूलाई अगुवाइ गर्ने व्यक्ति उनै हुन् । कनान देशमा भेद लिन लाई गएका १२ जना मध्ये दुइ जना (कालेव र यहोशू) मा एक थिए ।

अगुवामा हुनुपर्ने गुणहरूमा  यहोशूमा प्रशस्त यस्ता गुणहरू छन् जो आजको अगुवाहरूको लागि उदाहरणको रुपमा लिन सकिन्छ ।

उनी ईश्वरीय गुणले भरिएका अगुवा थिए । उनी पवित्रआत्माले भरिएका थिए । यहोशू परमेश्वरको शक्तिमा भरोसा गर्ने साहसी व्यक्ति थिए (गन्ती २७:१८) । मोशाले पनि उनमा त्यो विषेशता देखे र उनलाई बलियो र साहसी हुन उत्साह दिन्छन् (गन्ती १४:८) । "बलियो र खूब साहसी बन्, किनकि मैले तिनीहरूका पिता पुर्खाहरूलाई दिन्छु भनी प्रतिज्ञा गरेको देश तिनीहरूको अधिकारमा गराउन तैंले तिनीहरूलाई अगुवाइ गर्नेछस् । बलियो र अति साहसी हो । मेरो दास मोशाले तँलाईलाई आज्ञा गरेअनुसार सबै व्यवस्था पालन गर् । त्यसबाट दाहिनेतिर वा देब्रेतिर नफर्कनू, र तँ जहीं गए पनि सफलता पाउनेछस्  । व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस्, तर त्यसमाथि तैंले दिनरात ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू, र तेरा सबै मार्गहरूमा तैंले उन्नति गर्नेछस् र सफलता पाउनेछस् । तँलाई मेरो आज्ञा छ बलियो र खूबै साहसी हो, नडरा, निराश नहो, किनकि तँ जहाँ गए पनि, परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनुहुनेछ" (यहोशू १:६-९) । यहोशू परमेश्वरको वचनलाई स्थान दिने व्यक्ति भएको कारण मोशाले उनलाई ओठबाट नहटाउन र दिनरात ध्यान दिन र पालन गर्न आदेश दिँदछन् । त्यसै गरी यहोशू ८:३४ मा व्यवस्थाको पुस्तकमा लेखिएको आशिष र श्रापको विषयमा उनले पढेर सुनाउँछन् । उनी एक ईश्वरीय भय मान्ने ईश्वरीय मानिस भएको कारण अरूलाई पनि परमेश्वरको सेवा गर्न र व्यवस्थाको पुस्तक पालन गर्न उत्साह दिँदछन् ।

यहोशू एक ईश्वरीय भय मान्ने अगुवा हुन् र परमेश्वरको भय मान्दछन् मानिसको होइन (यहोशू २२:५) ।

परमेश्वरलाई पछ्याउने कुरालाई माथिल्लो प्राथमिकतामा राखे र उनले परमेश्वरलाई पूरो रुपले पछ्याए (गन्ती १३:२७-३३) ।

त्यस दिन परमप्रभु क्रोधित हुनुभयो, र यसो भनेर शपथ खानुभएको थियो । 'मैले अब्राहाम, इसहाक र याकूबसित शपथ खाएर प्रतिज्ञा गरेको देशमा मिश्रबाट आएका बीस वर्ष र उँभोका कोही पनि पस्न पाउनेछैन, किनभने तिनीहरूले पूर्ण रूपले मलाई पछ्याएनन् । कनज्जी यपुन्नेको छोरो कालेब र नूनको छोरो यहोशू मात्र पस्न पाउनेछन्, किनभने यिनीहरूले चाहिँ सम्पूर्ण रूपले परमपूभुलाई पछ्याए' (गन्ती ३२:१०-१२) ।

मानिसले आफैलाई उचाल्ने वा ठूलो हुँ भन्ने गर्दछन् तर यहोशूले ईश्वरीय अगुवा भएको कारण उनी एक नम्र मानिस थिए । पहिले उनी सेवक भएर मोशाको अधीनमा रहेर सेवा गरेपछि परमेश्वरले उनलाई उचाल्नुभयो । अनि परमप्रभुले यहोशूलाई भन्नुभयो, "जसरी म मोशाको साथमा थिएँ त्यसरी नै म तेरो साथमा पनि छु भनी यिनीहरूले थाहा

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **माघ २६ गते** Febuary 8 | एल्डर रत्नमान महर्जन | डीकन कान्छा श्रेष्ठ | एल्डर बागमान तामाङ्ग | एल्डर पूर्ण सुनुवार | एल्डर मन ब. मगर | श्री आइभन सादा | एल्डर श्रीलक्ष्मी सैंजु |
| **फागुन ३ गते** Febuary 15 | पाष्टर सिमोन पाठक | श्रीमती माया तामाङ्ग | श्री सामुएल तामाङ्ग | डीकनेस शिला राई | श्री सुचन तामाङ्ग | श्री स्टिफन राई | पाष्टर रूबेन श्रेष्ठ |
| **फागुन १० गते** Febuary 22 | श्री विष्णु देउला | पाष्टर अशोक मुखिया | श्रीमती सविना महर्जन | एल्डर बागमान तामाङ्ग | एल्डर वीर ब. के.सी. | डीकन ध्रुब घिमिरे | डीकन सिमोन भण्डारी |
| **फागुन १७ गते** March 1 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | डीकन कुमार गजमेर | डीकन भूपाल लामा | श्री विजय तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |

## नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैँसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **माघ २६ गते** February 8 | एल्डर पेशल राई | श्री फुर्का तामाङ्ग | डीकनेस् सलोमी दों | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | पाष्टर प्रेम श्रेष्ठ | एल्डर राज गुरूङ्ग | श्रीमती देवकी लामा | एल्डर दानियल सापकोटा | एल्डर पेशल राई |
| **फागुन ३ गते** February 15 | एल्डर अर्जुन ढकाल | अतिथी | एल्डर जमान घ्लान | एल्डर दानियल सापकोटा | एल्डर गोपी राई | एल्डर कृष्ण श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | डीकन पवन सुनुवार |
| **फागुन १० गते** February 22 | श्री प्रेम गुरूङ्ग | एल्डर गोपी राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानियल सापकोटा | एल्डर राज गुरूङ्ग | एल्डर कृष्ण श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | डीकन सुर्य तामाङ्ग |
| **फागुन १७ गते** March 1 | एल्डर पेशल राइ | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अमृत लामा | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पेशल राई |

पाउनलाई आजको दिनदेखि सारा इस्राएलीहरूको नजरमा तँलाई उठाउनेछु (यहोशू ३:७)। त्यस दिन सबै इस्राएलीहरूका नजरमा परमप्रभुले यहोशूलाई उचाल्नुभयो र तिनीहरूले तिनको जीवनभरि मोशालाई झैँ यहोशूलाई आदर गरे (यहोशू ४:१४)।

धेरै मानिस अरूलाई शिक्षा दिने तर जीवन नजिउने अर्थात् "मैले भने जस्तो गर तर मैले गरे जस्तो नगर भन्ने हुन्छ। तर यहोशूले त्यसो गरेनन् अरूले ठीक गरून् कि नगरून्। मैले ठीक जीवन जिउनुपर्छ भनेर उदाहरण भए। "तर यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज कि तिम्रा पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारी पुजेका देवताहरू कि तिमीहरू अहिले बसेको देशका एमोरीहरूका देवताहरू। तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं" (यहोशू २४:१५)।

आज पनि हामीहरूले यहोशूको जीवनबाट थुपै कुराहरू सिक्नु छ। अगुवा मात्र भएर नपुग्ने रहेछ, उदाहरण भएर जिउन सकेनौं भने हाम्रो अगुवापन प्रभावकारी हुँदैन। चाहे झुण्डको अगुवा, घरेलु संगतिको अगुवा, डीकन, डीकनेस्, एल्डर, पाष्टर सबैले नै एक असल ईश्वरीय अगुवाको जीवन जिएर उदाहरण बन्नु पर्नेछ नभए हामी सेवा गर्ने अगुवा नभएर शासन गर्ने अगुवा बन्न पुग्नेछौं। हामी कस्तो अगुवा छौं ?

**जनवरी महिनाको कार्य तालिका**

फागुन १ गते/फरवरी १३ तारिख मंगलबार **महिला उपवास प्रार्थना** आ-आफ्नो समय र मण्डलीमा।

# हार्दिक बधाई




माघ १४ गते/जनवरी २७ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री रमेश खड्का र सुश्री एलिना चौहानको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| माघ २६ गते<br>Febuary 8 | डीकन<br>हरिश्चन्द्र महर्जन | श्री<br>जीवन खालिङ | डीकन<br>कृष्ण नगरकोटी | एल्डर<br>पिटर लिम्बू | डीकन<br>विनोद लामा | डीकन<br>अनिल आले | एल्डर<br>छोदेन कार्थक |
| फागुन ३ गते<br>Febuary 15 | श्रीमती<br>राधा के.सी. | एल्डर<br>आमोस खालिङ | एल्डर<br>यमदेवी पोखेल | श्री<br>कुमार सेन्चुरी | एल्डर<br>पिटर लिम्बू | श्री<br>किरण गुरूङ्ग | डीकन<br>डि.बि. राई |
| फागुन १० गते<br>Febuary 22 | पाष्टर<br>घनश्याम दाहाल | श्रीमती<br>बिमला थापा | एल्डर<br>भुवन देवकोटा | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>बेन्जामिन तामाङ्ग | श्री<br>बाबुकाजी श्रेष्ठ | डीकन<br>बल ब. राई |
| फागुन १७ गते<br>March 1 | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>शरण राई | पाष्टर<br>रोल्याण्ड रोंगोंग | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>जोरविर राई |

## जानकारी



बानियाटार बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्री इन्द्र बहादुर बगाले ८४ वर्षको उमेरमा पौष २८ गते/जनवरी १२ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



इचंगु बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री पूर्ण गुरूङ्ग ४६ वर्षको उमेरमा माघ ११ गते/जनवरी २३ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलाप मागिदिऔं ।

२. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. प्रभुको इच्छा र योजना पूरा गर्दै जान देशका सबै मण्डलीहरू साथै ख्रीष्टिय संघ संस्थाहरूको निम्नि पवित्र आत्माको अगुवाइ र निर्देशनको लागि प्रार्थना गरिदिऔं ।

५. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि देशका सम्पूर्ण मण्डलीका अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

६. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

७. अधुरो परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा प्रभुमा स्थिर रहन पवित्र आत्माको सहायताको लागि प्रार्थना गरिदिऔं ।

८. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

१०. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र पवित्र आत्माको अगुवाइमा जिउनेहरू हुन सकून् ।

११. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

१२. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दुःख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

१३. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

१४. बेरोजगार हुनुभएकाहरूको लागि योग्यताअनुसार काम जुटेको होस् साथै बेरोजगारीको कारण कुनै पनि विश्वासीहरूले प्रभुको नाउँलाई निन्दित तुल्याउने काम नगरून् र परमेश्वरमा भरोसा गरिराख्नेहरू हुन सकून् ।

१५. शारीरिक तथा मानसिक रोग लागेका रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।

१६. प्रत्येक विश्वासीहरूले मानिसलाई खुशी पार्न, मानिसहरूको करकापमा र दवाबमा परेर संसारसँग सम्झौता नगरेको होस् जस्तो सुकै अवस्थामा पनि प्रभुमा स्थिर र अटल रहेर परमेश्वरको महिमा गरिरहन सकेको होस् ।

१७. नेपालमा रहेका सम्पूर्ण मण्डलीहरूको असल साक्षीद्वारा प्रभुलाई नचिनेकाहरू परमेश्वरको राज्यमा आउन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २० 2<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | २७ 9<br>अगुवाको स्थानमा रहनु- भएकाहरू उदाहरण भइ परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ४ 16<br>परमप्रभु परमेश्वरले राखिदिनु- भएका आशिषहरू उपभोग गर्दै आशिषित बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ | ११ 23<br>नेइम परिषद्का गुरुजनहरूले पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ |
| **सोमबार** Monday | २१ 3<br>विश्वासीहरूको जीवनमा प्रार्थनाको साथै पारिवारिक वेदी नसेलाएको होस् ।<br>लेवी ६:१२-१३ | २८ 10<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ५ 17<br>मण्डलीका सबै समर्पित सदस्यहरू मण्डलीको सेवा संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढ्दै बढाउँदै जान सकौं ।<br>१ कोरिन्थी १४:२६, हिब्रू १०:२४-२५ | १२ 24<br>हामी सबैले परमेश्वरको प्रेमप्रति धन्यवादी भई परमेश्वरको भण्डारमा दशांश साथै अन्य भेटीहरू परमेश्वरको कामको लागि खुशीसाथ दिन सकौं ।<br>२ कोरिन्थी ९:६-१३ |
| **मंगलबार** Tuesday | २२ 4<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>यूहन्ना १४:१२-१३ | २९ 11<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>यूहन्ना ४:२३-२४ | ६ 18<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिले पनि नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | १३ 25<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ |
| **बुधबार** Wednesday | २३ 5<br>मण्डलीका प्रत्येक विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ | ३० 12<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | ७ 19<br>येशू प्रभुको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा, सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>फिलिप्पी १:२६-२९ | १४ 26<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार** Thursday | २४ 6<br>बाल संगतिका सबै शिक्षक शिक्षिकाहरूले बोझ दर्शन लिएर बालबालिकाहरूलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>२ तिमोथी ३:१४-१७ | १ फागुन 13<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकून् ।<br>एफिसी ४:१३-१५ | ८ 20<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १५ 27<br>स्कूल, क्याम्पस, उच्च शिक्षा साथै विभिन्न तालिम लिइराख्नु भएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:१७ |
| **शुक्रबार** Friday | २५ 7<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिहरूद्वारा हामी दिन प्रतिदिन परिपक्वतातिर बढ्दै जान सकौं ।<br>२ कोरिन्थी ३:१८ | २ 14<br>आराधना सेवामा वचनको सेवकाइ गर्नुहुने साथै सो दिन विभिन्न क्षेत्रमा सेवकाइ गर्नुहुने सम्पूर्ण सेवक सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | ९ 21<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बनिँदै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | १६ 28<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ |
| **शनिबार** Saturday | २६ 8<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ | ३ 15<br>सुसमाचार प्रचारको साथै पवित्र आत्माबाट पाएका वरदानहरू आँटिलो साहसिलो भई चलाउन सकौं ।<br>मर्कूस १६:१५-२० | १० 22<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५५:२२ | १७ March 1<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्रता आएको होस् ।<br>लेवी २६:११-१३ |

**उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र कमजोरहरूको शक्ति बढाइदिनुहुन्छ । युवक पनि दुर्बल र थकित हुन्छन्, र जवान मानिसहरू थाकेर लोट्छन् । तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडझैं माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन् । तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन् ।**

**यशैया ४०:२९-३१**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,